# UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि आवेदन दिन आवश्यक कागजातहरूका सूची

हामी तपाईंलाई UNM वा काउन्टी बाहिरको हेरचाहका लागि तपाईंको आवेदनको साथमा केही **सहायक कागजातहरू** पेश गर्न आग्रह गर्छौं। त्यो किनभने हामीले पुष्टि गर्न आवश्यक छ —

- तपाईं को हुनुहुन्छ (पहिचान)
- तपाईं कहाँ बस्नुहुन्छ (ठेगाना)
- तपाईंले कति पैसा कमाउनुहुन्छ (आय)
- तपाईंको बैंक र लगानी खातामा कति पैसा छ (सम्पत्ति)

UNM अस्पताल वित्तीय सहायताले तपाईंको आवेदन र सहायक कागजातहरू पुनरावलोकन गर्नेछ र उनीहरूलाई तपाईंबाट कुनै अन्य कागजातहरू आवश्यक छ भने तपाईंलाई थाहा दिनेछ।

## तल हामीले स्वीकार गर्ने कागजातहरूका सूची छ। तर तपाईंसँग यहाँ सूचीबद्ध कागजातहरू छैनन् भने, हामीलाई बताउनुहोस्। हामी समाधान खोज्न तपाईंसँग काम गर्नेछौँ।

**तपाईं को हुनुहुन्छ (पहिचान)**

हामी तपाईंलाई **तपाईंको घरको प्रत्येक व्यक्ति** का लागि यी कागजातहरू मध्ये 1 का लागि सोध्नेछौँ। यी कागजातहरूले हामीलाई तपाईंको पहिचान र तपाईंसँग बस्ने सबैको पहिचान प्रमाणित गर्न मद्दत गर्दछ। हामी तल सूचीबद्ध कुनै पनि कागजातहरू स्वीकार गर्नेछौँ (कृपया प्रतिलिपिहरू मात्र)।

- राहदानी (विदेशी वा अमेरिकी)
- जन्म प्रमाणपत्र (विदेशी वा अमेरिकी)
- फोटो आईडी (चालकको सवारी इजाजत पत्र, सरकारले जारी गरेको आईडी, काम वा स्कूल आईडी)
- सामाजिक सुरक्षा कार्ड
- भारतीय रगतको प्रमाणपत्र
- सम्बन्धविच्छेदका कागजातहरू
- स्कूल रेकर्ड वा डेकेयर केन्द्र रेकर्डहरू
- अन्य सरकारी रेकर्डहरू, जस्तै भिसा (म्याद सकिएको भिसा स्वीकार्य छन्)



This translation was completed by LanguageLine Solutions.

Nepali

- मामिला कार्यकर्ता, सामुदायिक स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य सेवा प्रदायक वा सामुदायिक एजेन्सीबाट बयान जसले तपाईंलाई र तपाईंको स्थितिलाई जान्दछ

तपाईंसँग माथि सूचीबद्ध कागजातहरू मध्ये कुनै पनि छैन भने, हामीलाई बताउनुहोस्। हामी पहिचान आवश्यकताको प्रमाण पूरा गर्न अर्को कागजात फेला पार्न तपाईंसँग काम गर्नेछौँ. नबिर्सनुहोस्, UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि योग्य हुन तपाईंसँग अमेरिकी नागरिकता वा निश्चित आप्रवासन स्थिति हुनु आवश्यक **छैन**।

### तपाईं कहाँ बस्नुहुन्छ (ठेगाना)

हामी तपाईंलाई तपाईंको नाम र ठेगाना भएको कागजातका लागि सोध्नेछौँ। तपाईं UNM हेरचाहका लागि आवेदन गर्दै हुनुहुन्छ भने, यसले तपाईं बर्नालिलो काउन्टी वा स्यान्डोभल काउन्टीमा बस्नुहुन्छ भनेर देखाउनुपर्छ। तपाईं काउन्टी बाहिरको हेरचाहका लागि आवेदन गर्दै हुनुहुन्छ भने, यसले तपाईं अर्को न्यू मेक्सिको काउन्टी (बर्नालिलो वा स्यान्डोभल होइन) मा बस्नुहुन्छ भनेर देखाउनु पर्छ। **तपाईंलाई सम्पूर्ण घरपरिवारका लागि यी मध्ये एउटा कागजात मात्र चाहिन्छ।** हामी तल सूचीबद्ध कुनै पनि कागजातहरू स्वीकार गर्नेछौँ (कृपया प्रतिलिपिहरू मात्र)।




- भुक्तान स्टब
- कार बीमा
- उपयोगिता बिल (बिजुली, ग्यास, पानी, फोन, इन्टरनेट)
- सम्झौता, धितो वा सम्पत्ति कर कागजात
- अन्य बिल वा कथन
- शैक्षिक संस्थामा आफू वा बच्चाको नामांकनको प्रमाण
- आयकर रिटर्न
- सामाजिक सुरक्षा, अशक्तता, पेन्सन वा सेवानिवृत्ति कागजात
- मामिला कार्यकर्ता, सामुदायिक स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य सेवा प्रदायक वा सामुदायिक एजेन्सीबाट बयान जसले तपाईंलाई र तपाईंको स्थितिलाई जान्दछ



www.pnm.com/definitions बाट फोटो

तपाईंसँग माथि सूचीबद्ध कागजातहरू मध्ये कुनै पनि छैन भने, हामीलाई बताउनुहोस्। हामी विभिन्न कागजातहरू स्वीकार गर्न तपाईंसँग काम गर्न सक्षम हुन सक्छौँ।

### तपाईंले कति पैसा कमाउनुहुन्छ (आय)

तपाईं र तपाईंको परिवारका सबैले एक महिनामा कति पैसा कमाउँछन् भनेर देखाउनका लागि हामी तपाईंलाई कागजातहरू सोध्नेछौँ। हामी तल सूचीबद्ध कुनै पनि कागजातहरू स्वीकार गर्नेछौँ (कृपया प्रतिलिपिहरू मात्र)।

- भुक्तान स्टबहरू
- आयकर रिटर्न
- तपाईंको मासिक आय उल्लेख गर्ने रोजगारदाताको पत्र

- प्रत्यक्ष बैंक निक्षेप
- सामाजिक सुरक्षा, कामदारको क्षतिपूर्ति, भेट्रान मामिलाहरु वा भारतीय मामिला ब्यूरोबाट चेकको पत्र वा प्रतिलिपिहरू
- स्व—रोजगारी बहीखाता रेकर्ड
- मामिला कार्यकर्ता, सामुदायिक स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य सेवा प्रदायक वा सामुदायिक एजेन्सीबाट बयान जसले तपाईंलाई र तपाईंको स्थितिलाई जान्दछ

तपाईं घरबारविहीन हुनुहुन्छ, दिवालियापनमा हुनुहुन्छ वा SNAP, TANF वा WIC लाभहरू प्राप्त गर्दै हुनुहुन्छ भने, तपाईंले आय कागजातहरूका प्रमाण पेश गर्न आवश्यक पर्दैन।

तपाईं आफ्नो आय प्रमाणित गर्न सक्नुहुन्न वा तपाईं आय कमाउन सक्नुहुन्न भने, तपाईं यसो भन्दै एउटा बयान लेख्न सक्नुहुन्छ। खाना, आवास र यातायात जस्ता दैनिक खर्चहरूका लागि तपाईं कसरी तिर्नुहुन्छ भन्ने कुरा तपाईंको बयानले बताउनुपर्छ।

तपाईंले चिनेको कसैले तपाईंलाई आर्थिक रूपमा मद्दत गर्छ भने, तिनीहरूले समर्थन पत्र लेख्न आवश्यक हुनेछ। तिनीहरूले आफ्नो पत्रमा तिनीहरूले तपाईंलाई कसरी समर्थन गर्छन्, केका लागि तिर्छन्, कति तिर्छन् र कति पटक तिर्छन् भनेर वर्णन गर्नुपर्छ। सुनिश्चित गर्नुहोस् कि तपाईं र तपाईंलाई समर्थन गर्ने व्यक्तिले पत्रमा हस्ताक्षर गर्नुहुन्छ र यसलाई अन्य कागजातहरूसँग पेश गर्नुहुन्छ।



तपाईंले हाम्रो वेबसाइटमा पाइने आय घोषणा फारम पनि पूरा गर्न सक्नुहुन्छ।

**तपाईंको बैंक र लगानी खातामा कति पैसा छ (सम्पत्ति)**

UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि योग्य हुनका लागि, तपाईंको बैंक खाता (जाँच र बचत) र लगानी खाताहरूमा जम्मा $20,000 भन्दा बढी हुन सक्दैन। हामी तपाईंलाई तपाईंको सेवानिवृत्ति कोष, बन्डहरू वा निक्षेपका प्रमाणपत्रहरू (Certificates of Deposits, CD) तपाईंको मेडिकल बिलहरूका लागि भुक्तान गर्न सोध्नेछैनौँ।  तथापि, तपाईंले पहिले नै तिनीहरूलाई वर्षको दौडान भुक्तान गरिसक्नुभएको छ वा कोषहरू वर्षको दौडान परिपक्व भए (यसको मतलब मिति आएको छ जब तपाईंको लगानी तपाईंलाई भुक्तान गर्नु पर्दछ), ती कोषहरू आयको रूपमा गणना गरिनेछ।

हामी तपाईंसँग भएको कुनै पनि जाँच, बचत र लगानी खाताहरूका लागि हालको खाता विवरणहरू स्वीकार गर्नेछौँ (प्रतिलिपिहरू मात्र कृपया)।

नोट — तपाईंको घर, कार, र सेवानिवृत्ति कोष समावेश गरिएको छैन। तपाईंले ती बारे कुनै कागजातहरू पेश गर्न आवश्यक छैन।

## मसँग समर्थन कागजातहरू छैनन् भने के हुन्छ?

तपाईंसँग यी समर्थन कागजातहरू छैनन् भने, कृपया हामीसँग कुरा गर्नुहोस्! हामी समाधान खोज्न तपाईंसँग काम गर्न तयार छौँ।

UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहले यहाँ सूचीबद्ध नभएका अन्य कागजातहरूलाई अनुमोदन गर्न सक्छ।

## मसँग प्रश्नहरू छन् वा मद्दत चाहिन्छ भने के गर्ने?

**हामीलाई भेट्नुहोस्** —
Main Financial Assistance Office
1131 University Blvd, Suite D
Albuquerque, NM 87102

**हामीलाई फोन गर्नुहोस्** –505 272-2521

**हाम्रो वेबसाइटमा जानुहोस्** —
थप जानकारीका लागि, हाम्रो पूर्ण आर्थिक सहायता नीति र यी कागजातहरूका अनुवाद, कृपया हाम्रो वेबसाइट — https://unmhealth.org/patients-visitors/billing-insurance/ मा जानुहोस्।

तपाईंले यहाँ UNM हेरचाह र काउन्टी बाहिरको हेरचाहका लागि आवेदन पनि हेर्न सक्नुहुन्छ। तर तपाईंले कुनै पनि कार्यक्रमका लागि आवेदन दिनका लागि भेटघाट लिन आवश्यक छ। वित्तीय सेवा प्रतिनिधिसँग आफ्नो भेटघाटको समय तालिका बनाउन कृपया 505 272-2521 मा फोन गर्नुहोस्।



This translation was completed by LanguageLine Solutions.

Nepali